## हरिनास गाउँपालिकाको ३५ औं कार्यपालिका बैठक

मितिः- २०८२/०५/०३

समयः-११:०० बजे

स्थानः- हरिनास गाउँपालिकाको बैठक कक्षमा

आज मिति २०८२/०५/०३ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिम नारायण मानन्धर ज्यूको अध्यक्षतामा निम्नानुसार गाउँ कार्यपलिका सदस्यहरूको उपस्थितिमा बैठक बसी निम्न प्रस्तावहरु माथप छलफल गरी निर्णय गरियो।

तपसिलः

| पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|
| श्री खिम नारायण मानन्धर | गाउँपालिका अध्यक्ष | |
| श्री इन्द्रकुमारी थापा राना | गाउँपालिका उपाध्यक्ष | |
| श्री इन्द्र बहादुर गुरूङ | वडाध्यक्ष वडा नं. १ | |
| श्री चित्र वहादुर थापा | वडाध्यक्ष वडा नं.२ | |
| श्री ओम प्रकाश सिग्देल | वडाध्यक्ष वडा नं. ३ | |
| श्री सन्त वहादुर थापा | वडाध्यक्ष वडा नं. ४ | |
| श्री निर्मल लम्साल | वडाध्यक्ष वडा नं. ५ | |
| श्री दिल वहादुर राना | वडाध्यक्ष वडा नं. ६ | |
| श्री भरत थापा | वडाध्यक्ष वडा नं. ७ | |
| श्री उजेली नेपाली दर्जी | कार्यपालिका सदस्य | |
| श्री इन्द्र कुमारी थापा | कार्यपालिका सदस्य | |
| श्री बुद्धिमाया बि.क. | कार्यपालिका सदस्य | |

खिमनारायण मानन्धर
अध्यक्ष

| | | |
|---|---|---|
| श्री धनमाया राना | कार्यपालिका सदस्य | |
| श्री अमृत भुजेल | कार्यपालिका सदस्य | |
| श्री डोल वहादुर नेपाली | कार्यपालिका सदस्य | |
| श्री शिव कुमार पौडेल | सचिव | |

अन्य उपस्थिति

| | | |
|---|---|---|
| श्री भरत खडका | प्रशासकीय अधिकृत | |
| श्री नोल वहादुर थापा | प्रशासन प्रमुख | |
| श्री बिदुर सिग्देल | स्वास्थ्य अधिकृत | |
| श्री पर्शुराम सिग्देल | अध्यक्ष ज्यूको स्वकीय सचिव | |

~~प्रस्तावहरु:~~

प्रस्तावहरुः

१. आ.व.२०८१/८२ को विगतका बैठकको समिक्षा समिक्षा सम्वन्धमा।

२. भू उपयोग परिषदमा परेको निवेदन सम्वन्धमा।

३. बाटो लगत कट्टाको क्रममा रोक्का रहेको कित्ता फुकुवा गर्ने सम्वन्धमा।

४. बाल विकास, कार्यालय सहयोगी र लेखापालहरुको गा पा बाट थप तलब सम्वन्धमा। (शिक्षा शाखा)

५. चुलीडाँडा चिया बगैचा सम्वन्धमा। (कृषि शाखा)

६. हातेट्याक्टर टेन्डर आह्वान सम्वन्धमा।

७. सामाजिक सुरक्षा भत्ता घुम्ती सिविर सम्वन्धमा।

८. वडा सफाई सम्वन्धमा।

९. एम्बुलेन्स भाडाँदर सम्वन्धमा।

निर्णयहरु:

निर्णय नं.१

प्रस्ताव नं.१ माथि छलफल गर्दा विगतका बैठकको

निर्णय नं.२

प्रस्ताव नं.२ मागि छलफल गर्दा साविकको चित्रे भन्ज्याङ्ग गा वि स वडा नं.९. कित्ता नं.४७६ वर्गिकरण छुट भएको लाई कृषि क्षेत्रमा वर्गिकरण गर्ने र साविक चिसापनी गा वि स वडा नं.५ कित्ता नं.७५८ सार्वजनिक जग्गामा वर्गिकरण भएकोमा आवाशिय क्षेत्रमा कायम गर्ने निर्णय गरियो।

निर्णय नं.३

प्रस्ताव नं.३ माथि छलफल गर्दा मालपोत कार्यालय वालिङ स्याङ्जाको च.नं.१८८३ को पत्र, मालपोत कार्यालय स्याङ्जाको च.नं.२२९४ को पत्र बमोजिम रोक्का रहेका कित्ताहरु मध्य बाटोले ओगटेको क्षेत्रफल वाहेकका अरु सबै कित्ता फुकुवा गर्ने निर्णय गरियो।

निर्णय नं.४

प्रस्ताव नं.४ माथि छलफल गर्दा बाल विकास, कार्यालय सहयोगी र लेखापालहरुको गा पा वाट थप तलब सम्वन्धमा थप अध्ययन गरी आगामी बैंठकमा पेश गर्ने निर्णय गरियो।

निर्णय नं.५

प्रस्ताव नं ५ माथि अध्ययन गर्दा चुलीडाँडा चिया बगैचा निर्माण गर्ने सम्वन्धमा कृषि शाखाले आवश्यक कार्य गर्ने निर्णय गरियो।

निर्णय नं.६

प्रस्ताव नं.६ माथि छलफल गर्दा कृषकलाई प्रोत्साहन गर्न यसहरिनास गाउँपालिकाद्धारा कृषकलाई सहुलियतमा हाते टयाक्टर वितरण गर्न कृषि शाखामा प्राप्त माग बमोजिम टेन्डर प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं.७

प्रस्ताव नं.७ माथि छलफल गर्दा सामाजिक सुरक्षा भत्ता नवीकरण गर्न यस पालिकाका वडाहरुमा उपस्थित हुन नसक्ने अशक्त र ज्येष्ठ नागरिकहरुलाई घुम्ती सेवा दिई विवरण अद्यावधिक गर्ने सम्वन्धित कर्मचारीलाई खटाउने निर्णय गरियो।

निर्णय नं.८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस गाउँपालिकाबाट आ.व.२०८२/८३ मा विनियोजित वडा सफाई शीर्षकबाट आउदै गरेको चाडपर्वहरुलाई मध्यनजर गरी कार्य अगाडि बढाउने निर्णय गरियो।

निर्णय नं.९

प्रस्ताव नं.९ माथि छलफल गर्दा यस गाउँपालिकामा रहेको एम्बुलेन्स संचालनका क्रममा भाडामा लगाउँदा तपसिलको भाडादर लिने निर्णय गरियो।

तपसिलः

| वडाहरु | भाडाँदर |
|---|---|
| ५,६,७ | ५००० (पाँचहजार मात्र) |
| १,२,३,४ | ४०००(चारहजार मात्र) |